Seattle Office of Labor Standards

# *सामुदायिक अधिवक्ताको सूचना तथा अपराधको सिकार बनेका पीडित कर्मचारीले प्राप्त गर्ने अधिकारहरू*

होटेलका कर्मचारीहरूलाई दुर्व्यवहारपूर्ण वा हिंसात्मक आचरणबाट सुरक्षा गर्ने अध्यादेशसम्बन्धी सियाटलको संहिता, (SMC, Seattle Municipal Code) 14.26 अनुसार होटेल तथा सहायक होटेल व्यवसायका रोजगारदाताहरूले होटेलका अतिथिबाट आफू हिंसा वा दुर्व्यवहारमा परेको भनी आरोप लगाएका कर्मचारीहरूलाई यो सूचना दिनु पर्ने हुन्छ।

**तपाईं होटेलको अतिथिद्वारा हिंसा वा दुर्व्यवहारमा पर्नुभएको आरोप लगाउने व्यक्ति हुनुहुन्छ भने तपाईंलाई निम्न अधिकार छ:**

1) *एक जना सामुदायिक अधिवक्ता।* सामुदायिक अधिवक्ताको भूमिका तपाईंलाई दिनको जतिसुकै बेला र हप्ताको सातै दिन निःशुल्क तथा गोप्य सेवा प्रदान गर्नु हो। सामुदायिक अधिवक्ताले तपाईंलाई निम्न सहायता सेवाहरू प्रदान गर्नु हुने छ: क) SMC 14.26 अन्तर्गतका तपाईंका अधिकारहरूबारे व्याख्या गर्ने र तपाईंले चाल्न सक्ने कदमको विकल्प बताउने; ख) तपाईंका व्यक्तिगत आवश्यकता पूरा गर्न रेफरल सेवाहरू प्रदान गर्ने; र ग) तपाईंले चाहनुभएको खण्डमा होटेलको अतिथिले हिंसात्मक वा दुर्व्यवहारपूर्ण व्यवहार गरेको घटनाबारे उजुरी गर्न तपाईंलाई मद्दत गर्ने। तपाईं यी सेवाहरू होटेलको अतिथिले आफूमाथि दुर्व्यवहार गरेको भनेर उजुरी गर्दा मात्र नभएर आफ्ना विकल्पहरूबारे मूल्याङ्कन गर्न पनि प्रयोग गर्न सक्नु हुन्छ।

   तपाईंलाई यी संशाधनहरू प्रदान गर्न सिएटल सिटीले (KCSARC, King County Sexual Assault Resource Center) नामक समुदायमा आधारित वकालत संस्थासँग सम्झौता गरेको छ। यो हटलाइन सेवा चौबीसै घन्टा खुला रहन्छ। गोप्य सेवाहरू प्राप्त गर्न तपाईं यो नम्बरमा डायल गरेर KCSARC लाई कल गर्न सक्नु हुन्छ: 1-888-99-VOICE (1-888-998-6423). KCSARC का बारेमा थप जान्न कृपया यो लिंक खोल्नुहोस् : https://www.kcsarc.org/.

2) *RCW 7.69.030 अन्तर्गतका अपराधका सिकार बनेका पीडितका लागि वकालत सेवा तथा अन्य अधिकारहरू* वासिंटनको संशोधित संहिता (RCW, Revised Code of Washington) 7.69.030 अनुसार अपराधको सिकार बनेका पीडितहरूले विभिन्न अधिकारहरू प्राप्त गर्छन्। यी अधिकार फौजदारी अदालत वा बाल अदालतको सुनुवाइमा लागू हुन्छन्। तपाईं हिंसात्मक यौन अपराधको सिकार बनेको पीडित हुनु हुन्छ भने तपाईंसँग अभियोजन वा प्रतिवादी अन्तर्वार्ताका क्रममा पीडिततर्फको अधिवक्ता उपस्थित गराउने अधिकार हुन्छ। अपराधको सिकार बनेका पीडितको तर्फबाट लड्ने अधिवक्ताको भूमिका तपाईंलाई भावानात्मक समर्थन प्रदान गर्नु हो। RCW 7.69.030 अन्तर्गत तपाईंसँग ढिलाइ नहुने गरी तुरुन्तै चिकित्सा सहायता प्राप्त गर्ने अधिकार छ। साथै अदालतमा उपस्थित हुँदा तपाईंको कमाइ गुम्न नदिन तपाईंको रोजगारदातासँग हस्तक्षेप गर्न कोही व्यक्तिलाई लगाउने अधिकार पनि छ। अपराधको सिकार बनेका पीडितहरूले प्राप्त गर्ने अधिकारका बारेमा थप जानकारीका लागि RCW 7.69.030 हेर्नुहोस्।

   अपराधको सिकार बनेका पीडितले प्राप्त गर्ने वकालत सेवाबारे जानकारीका लागि तपाईं यहाँ सम्पर्क गर्न सक्नु हुन्छ: पीडित सहायता सेवा लाई 1-888-288-9221 मा वा KCSARC लाई 1-888-998-6423 मा।

3) *किङ काउन्टी विशेष आक्रमण प्रोटोकल।* यो प्रोटोकलले किङ काउन्टीमा हुने निश्चित खालका अपराधका मुद्दामा समन्वयात्मक अनुसन्धान तथा सेवाका लागि मार्गदर्शनहरू प्रदान गर्छ। RCW 26.44.180 तथा RCW 26.44.185 अनुसार स्थापना गरिएको यो प्रोटोकल अनुसन्धानको विश्वसनीयता बढाउन, पीडित, संदिग्ध व्यक्ति तथा समुदायहरूको चासो रक्षा गर्न र अपराधको सिकार बनेर बाँचेका व्यक्ति तथा तिनका परिवारहरूलाई उचित सेवा उपलब्ध छन् भन्ने कुरा सुनिश्चित गर्ने गरी तयार पारिएको हो।

*यो फारमका सम्बन्धमा जिज्ञासा भएका रोजगारदाता तथा कर्मचारीहरूले श्रम मापदण्ड कार्यालय (OLS, Office of Labor Standards) मा 206-256-5297 मा सम्पर्क गर्न सक्नुहुन्छ वा OLS को वेबसाइट http://www.seattle.gov/laborstandards हेर्न सक्नु हुन्छ।*

**संस्करण: 07/2020**